नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
(महिला सशक्तिकरण तथा लैंगिक मूलप्रवाहिकरण शाखा) सिंहदरबार, काठमाडौं
फोन नं.: ४२००२१६

प.सं.: ०७६/७७ (लै.मू)
च.नं.: ०६६७६६-१०९

मिति: २०७६/१२/२१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

विषय: विशेष संरक्षण गर्नुपर्ने वर्गहरुलाई आवश्यक सहयोग तथा समन्वय गर्ने सम्वन्धमा ।

विश्वव्यापी महामारीको रुप लिईरहेको कोरोना भाईरस (COVID-19) को सक्रमण फैलिन सक्रे सम्भावित जोखिमलाई मध्यनजर गरी विशेष संरक्षण गर्नुपर्ने ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका र लैंगिक तथा यौनिक अल्पसंख्यकहरुलाई सुरक्षित राख्न सबै स्थानीय तहमार्फत तपशिल बमोजिमका विषयहरुमा विशेष सहयोग र समन्वय गर्ने व्यवस्था मिलाईदिनु हुन निर्णयानुसार अनुरोध छ ।
तपशिल:

१. ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाइ राहात सहयोग गर्ने र क्वारेन्टाइन र आइसोलेसनमा राख्नु पर्ने अवस्था आएमा विशेष संरक्षण गर्ने । अपाङ्गता भएका व्यक्ति (त्यसमा पनि अति अशक्त अपाङ्गता भएका महिला समेत) हरुका लागि स्यानिटरी प्याड लगायतका न्युनतम आधारभुत सामाग्रिहरु तथा राहत वितरणमा विशेष प्राथमिकता दिने व्यवस्था मिलाउने।
२. असंगठित क्षेत्रमा कार्यरत नागरिकताविहिन, एच. आइ. भि. पिडित र आश्रय स्थलमा रहेका एकल महिलाहरुको सन्दर्भमा स्थानीय तहले तथ्यांक संकलन गरी राहत तथा आवश्यक सेवा सुविधा उपलब्ध गराउने।
३. असंगठित क्षेत्रमा कार्यरत दलित मजदुर महिला ( बादी समुदायका महिला , मुसहर समुदायका महिला लगायत यस्तै अन्य पछाडि पारिएका समुदायका महिला )हरुलाइ राहात प्याकेजमा विशेष प्राथमिकता दिने।
४. असंगठित क्षेत्रमा कार्यरत मजदुर महिला, आश्रय स्थलमा बसेका ,अल्पकालिन र दिर्धकालिन सेवा केन्द्रमा बसेका लैंगिक हिंसा पिडित महिला र मानव वेचविखनवाट पिडित महिलाहरुलाई स्यानिटरी प्याड लगायतका न्युनतम आधारभुत सामाग्रिहरु तथा राहत वितरणमा विशेष प्राथमिकता दिने व्यवस्था मिलाउने।
५ . सुरक्षित मतृत्वको लागि एम्बुलेन्स सेवामा गर्भवती तथा सुत्केरी महिलाहरुलाई विशेष प्राथमिकता दिने व्यवस्था मिलाउने।
६. अभिभावक नभएका बालगृहमा आश्रय लिई बसेका बालबालिकाहरुलाई न्यूनतम् आधारभुत सामाग्रि तथा राहत वितरणमा विशेष प्राथमिकता दिने ।
७. असंगठित क्षेत्रमा कार्यरत लैंगिक तथा यौनिक अल्पसंख्यकहरुलाई राहत तथा न्युनतम् आधारभुत सामाग्रिहरु वितरणमा विशेष प्राथमिकता दिने व्यवस्था मिलाउने।

सीता निरौला
उप सचिव